annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक ३५, पृष्ठ ८ | काठमाडौं, बिहीबार २१ जेठ २०८३ | ज्येष्ठ कृष्णपक्ष चतुर्थी, नेपाल संवत् ११४६ | THURSDAY, JUNE 4, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



टिप्पणी

# नेपाल-भारत सम्बन्ध : विश्वासको संकट कि नयाँ सुरुवात ?

**वालेन्द्र शाह नेतृत्वको सरकार आन्तरिक मामिलामा केन्द्रित हुँदा र बाह्य कूटनीतिमा शून्यता छाएको बेला सत्ता साझेदार दल रास्वपाका सभापति रवि लामिछानेको हालैको भारत भ्रमणले कूटनीतिक वृत्तमा नयाँ बहस सिर्जना गरेको छ । नयाँ दिल्लीले नेपालका नयाँ राजनीतिक खेलाडीहरूसँग सीधा संवाद गर्ने रणनीतिक अवसरका रूपमा लामिछानेलाई उच्च सम्मान दिए पनि कूटनीतिमा प्रारम्भिक छाप मात्र पर्याप्त हुँदैन ।**


कमलदेव भट्टराई

विस्तृत पृष्ठ २

# मध्यमवर्गीय कारमा करको भार ७१ प्रतिशत पुग्यो

## विद्युतीय गाडीमा कर हेरफेर

**सुनिता कार्की** | *काठमाडौं*



नेपाल सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ को आर्थिक विधेयकमार्फत विद्युतीय सवारी साधन (ईभी) को कर संरचनामा ठूलो हेरफेर गरेको छ। जेठ १५ गते अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले संसद्मा प्रस्तुत गरेको विधेयकले विद्युतीय गाडीको कर संरचना फेरबदल गरेको हो। ईभीमा यसअघि लगाउँदै आएको अन्तःशुल्क पूर्णरूपमा हटाएको सरकारले आर्थिक विधेयकमार्फत नयाँ 'स्वच्छ पूर्वाधार लगानी शुल्क' थप गरेको छ।

यसअघि ईभीका निजी, व्यावसायिक तथा ढुवानीका सवारीमा २.५ देखि ५० प्रतिशतसम्म अन्तःशुल्क लाग्दै आएको थियो। विशेष गरी ५० देखि ३ सय किलोवाटसम्मका ईभीमा क्षमताका आधारमा ५ देखि ५० प्रतिशतसम्म अन्तःशुल्क लाग्ने गरेकोमा अब सबै प्रकारका ईभीमा अन्तःशुल्क लाग्ने छैन।

अन्तःशुल्क हटाइए पनि नयाँ थपिएको स्वच्छ पूर्वाधार लगानी शुल्कले ईभीको समग्र करलाई पहिलेको तुलनामा केही बढाएको छ। नयाँ बजेटले निजी ईभी कार र सार्वजनिक यातायातका साधनमा करको भार बढाएको छ भने व्यावसायिक तथा ढुवानीका साधनहरूलाई सहुलियत दिने नीति लिएको देखिन्छ। मध्यमवर्गीय परिवारलाई लक्षित गर्दै नयाँ बजेट ल्याएको घोषणा सरकारको भए पनि ईभीमा गरिएको करको दर हेरफेरले यो वर्गले बढी रुचाएका सवारीसाधनको मूल्य बढाउने निश्चित छ। उपभोक्ताहरूको अत्यधिक रोजाइमा पर्ने विद्युतीय कार, जिप र भ्यान खण्डमा सरकारले कर निर्धारणको आधार नै परिवर्तन

गरिदिएको छ। विगतका वर्षहरूमा मोटरको क्षमता (किलोवाट) का आधारमा कर लाग्दै आएकोमा यस वर्षदेखि भन्सार मूल्यांकन मूल्यलाई मुख्य आधार बनाइएको छ। यसले ईभीमा लाग्दै आएको करको दर हेरफेर भई मूल्य केही बढ्ने अटोमोबाइल्स एसोसिएसन अफ नेपाल (नाडा)का अध्यक्ष सुरेन्द्रकुमार उप्रेती बताउँछन्।

**निजी र सार्वजनिक ईभीमा करको नयाँ गणित**

नयाँ स्वच्छ पूर्वाधार लगानी शुल्क थपिएसँगै निजी ईभीमा करको भार बढेको हो। २० लाख रुपैयाँसम्म भन्सार मूल्य भएका साना ईभी कारमा पहिले ४३ प्रतिशत प्रभावकारी कर लाग्ने गरेकोमा अब २.५ प्रतिशत स्वच्छ पूर्वाधार शुल्क थपिएर कुल कर ४५.५ प्रतिशत पुगेको छ।

नेपाली बजारमा सबैभन्दा बढी बिक्री हुने २० लाखदेखि ३० लाख रुपैयाँसम्म भन्सार मूल्य भएका मध्यमवर्गीय कारहरूमा पहिले ६४ प्रतिशत कर लाग्ने गरेकोमा अब स्वच्छ पूर्वाधार शुल्क थपिएसँगै कुल प्रभावकारी कर ७१ प्रतिशत पुगेको छ।

» बाँकी पृष्ठ ६

# मुसहर बस्तीका १६ जना भारतमा बन्धक

## खोजतलासका लागि प्रहरीमा पीडित परिवारको हारगुहार

**राजकरण महतो** | *बर्दिबास*



**आफन्तजनको खोजतलास तथा उद्धारका लागि इलाका प्रहरी कार्यालय आएका स्थानीय ।** ● राजकरण महतो

आकर्षक तलब र सुविधाको प्रलोभनमा परी कामको सिलसिलामा भारत पुगेका महोत्तरीका १६ जना नेपाली बन्धक बनेका छन्। महोत्तरीको बर्दिबास नगरपालिका-१४ स्थित एकीकृत नमुना मुसहर बस्तीका बालबालिकासहित एकै परिवारका सदस्यहरू भारतको हरियाणामा बन्धक परेका हुन्।

बन्धकमा परेकामध्येका एक किरण सदाले टेलिफोनमार्फत आफूहरूलाई पाउनुपर्ने ज्याला नदिई, डरत्रास देखाई र यातना दिएर बन्धक बनाइएको जानकारी दिएकी छन्। पीडितहरूलाई कुटपिट गर्दै यातना दिइएका फोटो तथा भिडियोहरूसमेत नेपालमा रहेका परिवारजनले प्राप्त गरेका छन्।

आफ्ना परिवारजनलाई सकुशल उद्धार गरी दोषीलाई कडा कारबाही गर्न माग गर्दै पीडित परिवारले इलाका प्रहरी कार्यालय, बर्दिबासमार्फत भारतको नयाँ दिल्लीस्थित नेपाली दूतावासमा निवेदन दिएका छन्। बर्दिबास नगरपालिका-१४ का वडाध्यक्ष विजयकुमार महतोका अनुसार प्रहरीमार्फत परराष्ट्र मन्त्रालय र दूतावासमा उद्धारका लागि पहल सुरु गरिएको छ।

**यसरी पुऱ्याइएको थियो भारत**

पीडित परिवारले प्रहरीमा दिएको निवेदनअनुसार बर्दिबास नगरपालिका-३ गौरीडाँडाका दिलीप परियारले गत चैत १३ गते उनीहरूलाई प्रलोभनमा पारेका थिए। हरियाणाको जिन्द जिल्ला, झाझर थानाअन्तर्गतको हेलन गाउँमा रहेको कुखुरा फार्ममा 'अन्डा टिप्ने काम' र राम्रो कमाइ हुने प्रलोभन देखाएर परियारले उनीहरूलाई भारत पुऱ्याएका थिए।

» बाँकी पृष्ठ ६

## लामिछाने-मोदी भेटवार्ता

# रास्वपासँग संस्थागत सहकार्यको चाहना

**दिनेश गौतम** | *काठमाडौं*

सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीच नयाँ दिल्लीमा बुधबार भएको एक घण्टा लामो कुराकानी सामान्य शिष्टाचार मात्र नभई दुई मुलुकबीचको सम्बन्धलाई पुनः परिभाषित गर्नेतर्फ केन्द्रित रहेको छ।

भेटवार्ताका क्रममा भारतीय प्रधानमन्त्री मोदीले नेपाललाई प्राथमिक साझेदारको रूपमा लिएको बताएका छन्। त्यस्तै लामिछानेले नेपालको विकास साझेदारीमा जोड दिएका छन्। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले भारतको 'छिमेकी पहिलो' नीतिअन्तर्गत नेपाल प्राथमिकतामा रहेको साझेदार भएको उल्लेख गरेका छन्। लामिछानेले विकास कूटनीतिको नयाँ युगलाई अँगाल्ने जनाएका छन्।

लामिछाने र मोदी दुवै जनाले सामाजिक सञ्जाल 'एक्स' मार्फत भेटवार्ताप्रति प्रसन्नता व्यक्त गरेका छन्। दुवै जनाको अभिव्यक्तिले विकास कूटनीतिको नयाँ अध्याय सुरु हुने हो वा भारतको नयाँ राजनीतिक सन्देश हो ? त्यसबारेमा केही समयपछि मात्र यकिन हुने भारतका लागि नेपालका पूर्वराजदूतहरू बताउँछन्। 'भविष्यका लागि साझा दृष्टिकोण सार्वजनिक गर्दछु जहाँ नेपाल र भारतले विगतका बाधाहरू पार गर्दै विकास कूटनीतिको नयाँ युगलाई अँगाल्ने छन्,' लामिछानेले लेखेका छन्, 'साझा सभ्यता सम्बन्ध, डिजिटल कोरिडोर र निर्बाध कनेक्टिभिटीमा ध्यान केन्द्रित गरेर हामी साँच्चै प्रगति र पारस्परिक विश्वासद्वारा परिभाषित साझेदारी निर्माण गर्न सक्छौं।'

रास्वपाले नेपाल र भारतका जनताको साझा समृद्धिका लागि यी सम्भावनाहरूलाई वास्तविकतामा रूपान्तरण गर्न तत्पर रहेको लामिछानेले सामाजिक सञ्जालमा उल्लेख गरेका छन्।

भारतीय प्रधानमन्त्री मोदीले पनि लामिछानेसँग भेट्न पाउँदा अत्यन्तै खुसी लागेको उल्लेख गरेका छन्। 'एक साझा र समृद्ध भविष्यका लागि मिलेर काम गर्ने उहाँको चाहनालाई म स्वागत गर्दछु र त्यसमा पूर्णरूपमा सहमत छु,' मोदीले सामाजिक सञ्जालमा लेखेका छन्, 'हाम्रो छिमेकी पहिलो नीतिअन्तर्गत नेपाल प्राथमिकतामा रहेको साझेदार हो र हामी दुई देशबीचको विशिष्ट एवं बहुआयामिक सम्बन्धलाई थप उचाइमा पुऱ्याउन नयाँ सरकारसँग सहकार्य गर्न उत्सुक छौं।'

भेटवार्तामा भारतीय प्रधानमन्त्री मोदीका साथै भारतका विदेशमन्त्री डा. एस. जयशंकर, राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभाललगायतको सहभागिता थियो।

त्यस्तै, नेपालको तर्फबाट लामिछानेका साथ उनकी पत्नी निकिता पौडेल, रास्वपाका सहमहामन्त्री एवं प्रतिनिधिसभा सदस्य विपिनकुमार आचार्य, सचिवालय सदस्य एवं प्रतिनिधिसभा सदस्य दीपकराज बोहरा, नेपालका कार्यवाहक राजदूत सुरेन्द्र थापा र लामिछानेका स्वकीय सचिव प्रदीप आचार्यको उपस्थिति रहेको थियो। वार्तामा नेपाल-भारत सम्बन्धलाई विगतका सीमितताहरूभन्दा माथि उठाउँदै 'विकास कूटनीति' को नयाँ युगतर्फ अघि बढाउने दूरदृष्टिबारे विस्तृत छलफल भएको रास्वपाले जनाएको छ।

» बाँकी पृष्ठ २



> नेपाल र भारतले विगतका बाधाहरू पार गर्दै विकास कूटनीतिको नयाँ युगलाई अँगाल्ने छन् ।
>
> **रवि लामिछाने**, सभापति, रास्वपा



> हामी दुई देशबीचको विशिष्ट एवं बहुआयामिक सम्बन्धलाई थप उचाइमा पुऱ्याउन नयाँ सरकारसँग सहकार्य गर्न उत्सुक छौं ।
>
> **नरेन्द्र मोदी**, प्रधानमन्त्री, भारत